# वीरगंज महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

वीरगंज, पर्सा

मधेश प्रदेश (नेपाल)

**सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति: २०८१।०२।३० गते)

यस कार्यालयको मिति २०८१।०१।३० गतेको निर्णयानुसार आ.व. ०८०/०८१ मा तपसिलमा उल्लेखित पदहरुमा खुला प्रतिस्पर्धाबाट करारमा जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरुसहित सूचना
कार्यालयमा दरखास्त दिन सम्वन्धित सवैमा यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | आवेदन दस्तुर | छनौटको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/८१ | नगर प्रहरी जवान | श्रेणीविहिण | २५ | मान्यता शैक्षिक संस्थाबाट कक्षा १० वा सो सरह उतीर्ण गरेको | ३००।- | प्रारम्भिक सूची प्रकाशन र शारीरिक तन्दुरुस्ती परीक्षण तथा अन्तर्वार्ता | |
| २ | ०२/०८०/८१ | फायरमैन जवान | श्रेणीविहिण | ७ | मान्यता शैक्षिक संस्थाबाट कक्षा १० वा सो सरह उतीर्ण गरेको | ३००।- | प्रारम्भिक सूची प्रकाशन र शारीरिक तन्दुरुस्ती परीक्षण तथा अन्तर्वार्ता | |

१. दरखास्त फारम :यस वीरगंज महानगरपालिकाको कार्यालय अन्तर्गतको प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा वा यस कार्यालयको वेवसाईट www.birgunjmun.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।

२. दरखास्त दिने स्थान: वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा, वीरगंज, पर्सा

३. दरखास्त दिने अन्तिम मिति: २०८१।०३।१२ गते सम्म सो दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोली पल्ट कार्यालय समयभित्र,

४. नगर प्रहरी जवान (श्रेणीविहीण)/फायरमैन जवान (श्रेणीविहीण) पदमा आवेदन दिने उम्मेद्वारहरुमा देहाय अनुसारको योग्यता हुनुपर्नेछ

क) उम्मेद्वार नेपाली नागरिक हुनुपर्ने,
ख) १८ वर्ष उमेर पूरा भई ३० वर्ष ननाघेको,
ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको प्रमाण पेश गर्नुपर्नेछ,
घ) कुनै विध्वांसात्मक संस्थाको सदस्य नभएको,
ङ) स्वीकृती प्राप्त चिकित्सकबाट निरोगिता प्रमाण पत्र पेश गर्नुपर्नेछ,
च) आँखा माईनस १ वा प्लस १ भन्दा बढी कमजोर नभएको,
छ) छाती फुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ हुनुपर्ने ,
ज) नियुक्ति हुनुभन्दा २ वर्ष अघिसम्म कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,
झ) महिलाको हकमा घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको हुनुपर्ने,

५. परीक्षा मिति: दरखास्त सङ्कलन भए पश्चात परीक्षा मिति प्रकाशन गरिने छ ।

६. सेवा सुविधा तथा अन्य: सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ ।

७. आवेदन दस्तुर वापतको रकम यस कार्यालयको राजश्व व्यवस्थापन महाशाखामा बुझाएको सक्कल रसिद आवेदन फारमसाथ संलग्न राखी पेश गर्नुपर्नेछ,

प्रमुख प्रशासकीय अधिकृत

CamScanner